Received Date: Oct. 2023 Revised: Nov. 2023 Accepted: Dec. 2023

# पनौतीको पर्यटकीय महत्त्व
## (The Tourism Importance of Panauti)

**बमबहादुर अधिकारी 'पीएच.डी"**

सहप्राध्यापक पद्‌मकन्या बहुमुखी क्याम्पस, त्रि.वि

Emali: adhikaribambahadur@gmail.com

*Doi: https://doi.org/10.3126/hisan.v9i1.64109*

**सारसङ्क्षेप (Abstract)**

*सन् १९५० को जुन ३ का दिन फ्रान्सका मौरिस हर्जोगले संसारका ८ हजार मिटर भन्दा अग्ला १४ वटा हिमालहरूमध्ये प्रथम पटक नेपालको अन्नपूर्ण हिमालको आरोहण गरेपछि मात्र नेपालको पर्यटन सुरुवात भएको मानिन्छ । संसारकै सबैभन्दा ठूला उद्योगहरूमध्ये एकका रुपमा विकसित र रोजगारी सिर्जना गर्ने प्रमुख आधार बनेको पर्यटन व्यवसाय आय आर्जनको महत्त्वपूर्ण कडी एवं साधन हो ।[1] वर्तमान बदलिँदो विश्वपरिवेशमा पर्यटन व्यवसायले राष्ट्रिय आम्दानीको ठूलो हिस्सा ओगटेको सघाएको छ । अन्तर्राष्ट्रिय पर्यटनका लागि निस्केका २७० मिलियन पर्यटकहरूबाट ७५ हजार मिलियन डलर समष्टीगत रुपमा वर्तमान समयमा आम्दानी भएको तथ्याङ्क भेटिएको छ ।[2] पर्यटन यात्रा, भ्रमण मात्र नभएर देशको आर्थिक मेरुदण्डलाई मजबुत गराउने तथा जाति, जनजाति र आदिवासीहरूका बिचमा सम्बन्ध कायम गराएर विश्वका मानवजातिबिच परस्परमा सद्भाव सिर्जना गर्ने महत्त्वपूर्ण विषय पनि हो ।[3]*

*विश्व पर्यटकीय महत्त्वका विषयवस्तुहरूले विश्वमा पौराणिक, धार्मिक, पुरातात्त्विक, ऐतिहासिक र सांस्कृतिक स्थलहरूको अन्वेषण कार्य अगाडि बढेको छ । पुराना सामग्रीहरूलाई संरक्षण गर्न सकियो भने भावी पीँढीका लागि त्यही वस्तु पर्यटकीय सामग्री बन्न सक्दछ । सिद्धान्ततः व्यापार, मनोरञ्जन वा रमाइलोका लागि विभिन्न विधि अपनाएर गरिने यात्रालाई 'पर्यटन' भनिन्छ । विश्व पर्यटन सङ्गठनको परिभाषा अनुसार पर्यटक भन्नाले "आफ्नो सामान्य परिवृत्ति बाहिर, चौबीस (२४) घण्टाभन्दा बढी तर एक क्रमागत वर्षभन्दा कम समय, मनोरञ्जन, व्यापार र त्यस ठाउँमा आयश्रोत हुने क्रियाकलाप बाहेक अन्य उद्देश्यका लागि यात्रा गरी बस्ने "मान्छेलाई जनाउँछ । विश्व समाजमा पर्यटन एक लोकप्रिय फुर्सदको मनोरञ्जनात्मक क्रियाकलाप भएको छ । मानव निर्मित धार्मिक, सांस्कृतिक र ऐतिहासिक पर्यटकीय सामग्रीहरूले मानव समाजको धार्मिक सहिष्णुता र पर्यटकीय गन्तव्य स्थलहरूको प्रचार-प्रसारमा निकै ठूलो महत्त्व राख्दछ ।*

*हरेक समुदाय र समाजका धार्मिक, सांस्कृतिक, ऐतिहासिक र पुरातात्त्विक स्थलहरू पर्यटकीय रूपमा पुराना हुँदैनन् । त्यस्ता स्थानहरूले दर्शनीय महत्त्व बोकेका हुन्छन् । नेपालका पर्याप्त स्थानहरू भौगोलिक एवं धरातलीय विविधताको दृष्टिले अत्यन्त सुन्दर र आकर्षक छन्[4] तसर्थ पनौती पनि एक त्यस्तो पर्यटकीय स्थल हो, जहाँ वर्षेनी हजारौं संख्याका स्वदेशी तथा विदेशी तीर्थयात्री एवं पर्यटकहरूले भ्रमण अवलोकन गर्ने गर्दछन् । यसरी वैयक्तिक र*

---

१ वासुदेव त्रिपाठी, "एक अर्ब पर्यटक : एक अर्ब अवसर" *नेपालमा पर्यटन, विकास र समृद्धिको आधार.* वर्ष १, अंक १, पृष्ठ ४३३-४४१ ।

२ भाटिया ए.के., *इन्टरनेस्नल टुरिज्म,* (न्यूओर्क : स्टर्लिंग पब्लिसर प्राइभेट लिमिटेड, १९९४ ई, पृष्ठ, १८७ ।

३ गणेश क्षत्री र रामचन्द्र रायमाझी, *पर्यटन विकास र व्यवस्थापन,* काठमाडौं : एशिया पब्लिकेसन, २०५७ वि.सं, पृष्ठ ४४-४६ ।

४ (क) बमबहादुर अधिकारी, "लमजुङ जिल्लाको ऐतिहासिक पर्यटन एक अध्ययन", मोलुङ फाउन्डेसन, कोटेश्वर, काठमाडौंमा प्रस्तुत अनुसन्धान परियोजनाको प्रतिवेदन, वि.सं. २०६९ चैत्र १५, अप्रकाशित पृष्ठ ३२-३४ ।
(ख) बमबहादुर अधिकारी, लमजुङको पर्यटनको इतिहास, काठमाडौं : नवोदित हाम्रो पुस्तक भण्डार, २०७३ वि.सं., पृष्ठ ५३ ।

*सामूहिक रूपमा गरिने यात्रा एवं भ्रमणले पर्यटन क्षेत्रको विकासमा टेवा पुग्न गएको छ ।*[५] *सन् २०१३ देखि नेपालले पनि पर्यटन क्षेत्रमा दूरदृष्टि राखेर विभिन्न कर्णाली, मिथिला, अन्नपूर्ण, रामारोशन आदि क्षेत्रको नागरिक उड्डयन तथा आन्तरिक पर्यटनका वर्षहरू मनाउँदै ६ वर्षे गोदोवरी मेला र १२ वर्षे पनौती मेला भर्दै आएको छ ।*[६]

## १. भौगोलिक तथा प्राकृतिक अवस्था (Geographical & Natural Condition)

पनौती नेपालको बागमती प्रदेशअन्तर्गत काभ्रेपलाञ्चोक जिल्लाको पनौती नगरपालिकाभित्रको भूगोलमा पर्ने एक पौराणिक, धार्मिक, ऐतिहासिक, सांस्कृतिक र पुरातात्त्विक पर्यटकीय स्थल हो । समुद्री सतहदेखि १,४०२ मिटरको उचाइमा अवस्थित पनौतीको क्षेत्रफल ३३.८७ व.कि. रहेको छ । यो पनौती नगर पृथ्वीको २७ ° ३७ । उत्तरी अक्षांशदेखि ८५° ३२ । पूर्वी देशान्तरमा फैलिएको छ । महाभारत पर्वतश्रेणीभित्रको पनौतीका डाँडाकाँडाहरूमा महाभारतकालीन पञ्चपाण्डवहरूले गुप्तबास बसेको कुरालाई यहाँका द्रोपदा मन्दिर, सहुरानी वन, सलन्दु बगरजस्ता भौतिक एवं अभौतिक मूर्त एवं अमूर्त सम्पदाहरूबाट जान्न सकिन्छ । विविध जाति एवं समुदायका मानव पुर्खाहरूले रचना र सिर्जना गरेका अनुपम संस्कृतिहरू यहाँ फेलापरेका छन् । यस नगरभित्रको ५,८८७ फिट उचाइको देवीस्थान डाँडा र ५,००० फिट अग्लो चामखर्क डाँडासहितका हरिया मनमोहक डाँडाहरूले पर्यटनको सम्भावना बोकेका छन् ।

यस क्षेत्रमा मिथिलाका राजा जनक र कुशध्वजको शासनकालीन सभ्यता, सिम्रौनगढको तलेजुजात्रा, भक्तपुरको विस्केट जात्रा र ललितपुरको हरिसिद्धि जात्राका संस्कृतिहरू पाइन्छन् । स्वदेश तथा विदेशबाट अध्ययन तथा अनुसन्धानको भ्रमण र तीर्थाटनका लागि पनौती क्षेत्रमा हजारौं हजार पर्यटकहरूको आवागमन हुने गर्दछ । फ्रान्सिसीहरूको "फँस नेपाल ब्रि पनौती" अभियानले त पनौती र फ्रान्सबिचको सांस्कृतिक सम्बन्धलाई उजागर गरेको छ । धार्मिकस्थलका पाटी, पौवा, डबली, चैत्य, ढुङ्गेधारा, इनार, वनजङ्गल, खोलानाला, स्मारक, गुम्बा, विहार आदिले पनौतीलाई पर्यटकीय सुन्दरता प्रदान गर्नका लागि निकै ठूलो उर्जा प्रदान गरेका छन् ।

ढुङ्गामाथि अडिएको पनौती शहरको मनमोहक एवं रमणीय दृश्यहरू र प्राकृतिक छटाले गर्दा यो क्षेत्र धार्मिक पर्ययटनको लागि अत्यन्त उर्बर भूमि मानिएको छ । पनौतीको भूगोलमा उत्पादन हुने आलु, गहुँ, धान, सुन्तला, माछा, लब्सी, तरकारीहरूले यहाँका बाहुन, क्षत्री, नेवार, पहारी, मगर, राई, गुरुङ, दनुवार, भूजेल, ठकुरी, तामाङ, सन्याशी र दलित जातिको बसोवासलाई सम्पन्न बनाएको छ । काभ्रेपलाञ्चोक जिल्लाका साविक सुब्बागाउँ, टौखाल, पनौती (इन्द्रेश्वर), मल्पी, सुनथान र खोपासी गाउँ विकास समितिलाई समेटेर वि.सं.२०५३ माघ ११ गते पनौती नगरपालिकाको घोषणा भएको हो ।[७] वि.सं. २०७३ फाल्गुन २२ गते सङ्घीय शासन व्यवस्थाअन्तर्गत स्थानीय तहको गठन भएपछि काभ्रे जिल्लाका कुशादेवी, रयाले बिहावर, कलाँती भूमिडाँडा, बल्थली, शारदा बतासे (३, ४ र ९) र शंखुपाटीचौर (४) गाउँ विकास समितिका क्षेत्रहरू यस पनौती नगरपालिकामा गाभेर यो नगरपालिकाको क्षेत्र विस्तार गरिएको छ ।

कुल १२ वडामा विभाजित यो नगरपालिकाको जनसंख्या वि.सं.२०६८ सालको जनगणनाअनुसार ४६,५९५ रहेको छ । यस नगरपालिकाभित्रका प्रारम्भिक मध्यकालीन पुरातात्त्विक धरोहरहरूको परिसरलाई संयुक्त राष्ट्रसंघको युनेस्कोले सन् १९९६ देखि सम्भावित विश्व सम्पदा क्षेत्रको सूचीमा नाम समावेश गरेको

[५] नारायणप्रसाद संग्रौला, *सांस्कृतिक पर्यटन र विकास,* काठमाडौं : कन्काई एजुकेसनल पब्लिकेसन एन्ड रिसर्च सेन्टर प्रा.लि. वि.सं.२०६९ पृष्ठ १६-१७ ।

[६] ज्ञानेश्वर भट्टराई, *बृहत् ज्ञानकोश,* काठमाडौं : आशिष बुक हाउस प्रा.लि., २०७५ वि.सं, पृष्ठ ९६ ।

[७] "चार किल्ला खोली नगरपालिका क्षेत्र तोकी बिभाजन गरेको", नेपाल राजपत्र, नेपाल सरकार, अन्तिम पहुँच जनवरी २०२२ ।

छ ।[८] धार्मिक, सांस्कृतिक र पर्यटकीय हिसाबले १८ वर्ग किलोमिटर क्षेत्रमा फैलिएको पनौतीको पूर्वमा धुलिखेल, पश्चिममा ललितपुर र भक्तपुर शहर, उत्तरमा बनेपा र दक्षिणमा भक्तपुरको बेथानचोक र लितिलपुरले घेरिएको छ । पनौतीसँग जोडिएका खोपासी, मल्पी, टौखाल, देवीस्थान, सुनथान, शारदा सुब्बागाउँ, बल्थली, शारदा बतासे, शंकु पार्टीचौर आदि क्षेत्रहरू सांस्कृतिक सम्पदाहरूको उर्बर भूमि मानिन्छ । यी आकर्षक क्षेत्रहरूका मठमन्दिर, पुस्तकालय, सङ्ग्रहालय लायकुदरबार आदि क्षेत्रले पनौती पर्यटनको पर्यटकीय विकासमा महत्त्वपूर्ण योगदान दिएका छन् ।

## २. पुरातात्त्विक तथा ऐतिहासिक स्थलहरू (Archaeological & Historical Sites)

काठमाडौं उपत्यकाकै काभ्रेपलाञ्चोक जिल्लाको रोसी र पुण्यमती नदीको प्रभाव क्षेत्रमा अवस्थित पुरानो शहर पनौती नगरपालिका धार्मिक पर्यटनको दृष्टिकोणले अन्त्यन्त महत्त्वपूर्ण स्थान रहेको छ । भक्तपुर राज्यको अधीनमा रहनुपूर्व तथा एकीकरणपूर्व यो पनौती शहरको आफ्नै एकल स्वतन्त्रता प्राप्त थियो । प्राचीनकालदेखि स्वतन्त्र अस्तित्वमा रहेको पनौती शहर मध्यकालमा आएर भक्तपुर राज्यअन्तर्गत रह्यो र यसको स्वतन्त्रता अपहरण गरियो । सत्ययुगमा महादेव र पार्वतीले चर्चेको पनौती क्षेत्र किरातकालीन शैव सम्प्रदायसँग सम्बन्धित रहको छ, जहाँ लिलावती र सुखश्रवा नामक दुई नदीको संगममा रहेको गन्धर्व तीर्थस्थलमा सतीदेवीको निधार पतन भएको थियो ।[९] वि.सं.१३८५ मा इन्द्रेश्वर मन्दिरमा राखिएको अभिलेखअनुसार पनौती शहरको स्थापना र विकास १३ औं शताब्दीका राजा आनन्द मल्ल (१२७४-१३१०) ले गरेका थिए ।

एकै दिनमा भ्रमण गर्न सकिने यस पनौती सहरको सम्बन्ध र इतिहास सिम्रौनगढ राज्यका अन्तिम राजा हरिसिंहदेवसँग पनि गाँसिएको छ । नेपालकै पुरानो प्रसिद्ध सहर पनौती रत्नपार्कदेखि बसको यात्रामा डेढ घण्टामा सजिलै पुग्न सकिन्छ । पौराणिक तथा धार्मिक सहर पनौतीलाई अश्मनगर, पलाँती, अश्मपुर, पाञ्चाल, पूण्यमती, शचीतीर्थ, उत्तरप्रयागका नामले सम्बोधन गरिएको छ । स्थान विशेषका आधारमा पूण्यमती वा पद्मावती नदीको किनारमा अवस्थित वस्ती भएकाले पूण्यमती शब्द अपभ्रँश भएर पनौती भनिएको हो । यस क्षेत्रमा भृगु ऋषिले तपस्या गरेका थिए भने चिरञ्जीवी र श्रेष्ठ ऋषिले बरदान प्राप्त गरेका थिए । त्यसै गरेर शिवदास नामक एक वैश्यले गरिबी मुक्तिका निमित्त १२ वर्षसम्म पञ्चाक्षरी जप गरेर धन प्राप्त गरेको उल्लेख पाइन्छ । धनेश्वर, इन्द्रेश्वर र भालेश्वर पनौती क्षेत्रका महत्त्वपूर्ण पौराणिक र सांस्कृतिक सम्पदाहरू मानिन्छन् ।

यस पावन क्षेत्रमा विरूपाक्ष, द्रौपदीसहित पञ्चपाण्डव र किचकले यात्रा गरेका थिए । पनौतीको प्राचीन विषय र पौराणिक स्थितिलाई पहिचान गर्नका लागि हाल त्यहाँ किचकघाट, द्रौपदी मन्दिर, पाञ्चाल सहर, ब्रह्मपुर, लङ्केश्वर महादेव मन्दिर, सिलिङ्गे, फूलचोकी, सैरेन्द्री वन, चौकोट दरबार, टक्सार क्षेत्र, शारदा बतासेका गढीहरू, द्योलाँःदे, जेलाँपाटी, जेलाहिँटी, विहारका पुरातात्त्विक तथा सांस्कृतिक सामग्रीहरू जीउँदो इतिहासका रूपमा रहेका छन् ।[१०] सत्ययुगीन शैवमहालिङ्गहरू, महाभारतकालीन सांस्कृतिक सम्पदाहरू, मल्लकालीन जीवित इतिहास र इन्द्रेश्वर महादेव, उन्मत्त भैरबनाथ, गोरखनाथ, ब्रम्मायणी, लड्केश्वर,

---

[८] "नेपालको राष्ट्रिय जनगणना २०६८ (गा.वि.स. तह)", राष्ट्रिय योजना आयोग, नेपाल सरकार, नोभेम्बर २०१२, अन्तिम पहुँच नोभेम्बर २०१२ ।

[९] चन्द्रागिरि न.पा. वढा नं. ६ निवासी पनौती रा.गो.का संयोजक श्री रविन्द्र रिजालसँग मिति २०७९ साल मङ्सीर २७ गते लिइएको अन्तर्वार्ता ।

[१०] ज्योति पौडेल, "पनौतीको ऐतिहासिक अध्ययन", *जर्नल अफ् हिस्टोरिकल रिम्भ्यु,* पद्मकन्या ब. क्या. नं १, भोलुम ३, २०७७ वि.सं., पृष्ठ १२८-१३८ ।

फड्केश्वर, पशुपति भालेश्वर, तुलानारायण, धनेश्वर, गुप्तेश्वर, कुशादेवी, गुम्बा र विहारजस्ता धार्मिक, सांस्कृतिक र ऐतिहासिक मठ-मन्दिरहरूले पनौती क्षेत्रको महिमा बढाएका छन् ।

पनौतीले प्राचीन मिथिला, पूर्वमध्यकालीन सिम्रौनगढ, खस र उपत्यकाका मल्लहरूको सांस्कृतिक सम्बन्धको प्रतिनिधित्व गरेको छ ।[११] ऐतिहासिक एवं पौराणिक, धार्मिक तथा सांस्कृतिक सम्पदा पनौती शहर नेपालको बागमती प्रदेशको काभ्रेपलाञ्चोक जिल्लाअन्तर्गतको पनौती नगरपालिकाभित्र पर्दछ । यो सहर उपत्यकाभित्रको एउटा पुरातात्त्विक स्थल पनि हो । लिच्छविकालदेखि नै अस्तित्वमा रहेको पनौतीको विकास मल्लकालमा आएर भएको हो ।[१२] पनौती नगरपालिकाभित्र रहेका महत्त्वपूर्ण पुरातात्त्विक स्थलहरूमा इन्द्रेश्वर महादेवको मन्दिर, भद्रकालीको मन्दिर, बह्मायणीको मन्दिर, तोलानारायणको मन्दिर, उन्मत्त भैरवको मूर्ति तथा मन्दिर परिसरका वास्तुकला एवं सांस्कृतिक सम्पदाहरू हुन् ।

यी स्थलहरूले प्राचीन तथा मध्यकालीन युगको उत्कृष्ट शिल्पकारिताको नमुना प्रस्तुत गर्दछन् । सचि तीर्थ त्रिवेणिघाट सन् १९९६ देखि UNESCO को विश्व सम्पदा सूचिमा समावेश गर्नका लागि सिफारिस भएको छ । पनौती तीर्थको ऐतिहासिक तथ्य हिन्दू धर्मावलम्बीका निम्ति शिवको तेस्रो आँखाको महत्त्व जतिकैछ, उति नै इन्द्रको तेस्रो आँखाको पनि । पावन भूमिकाको रूपमा चिनिएको पनौतीसँग यही तेस्रो आँखाको ऐतिहासिक तथ्य जोडिएको छ । यस स्थानलाई सचि तीर्थ वा त्रिबेणीधाम पनि भनिन्छ । अक्षरधाम बनेपाका श्री हरि पराजुलीकाअनुसार पनौतीका स्थानीय बासिन्दाहरू यस धार्मिक तथा सांस्कृतिक क्षेत्रलाई विश्वसम्पदा सूचीमा सूचीकृत गरेर यो क्षेत्र पुण्यवती र पन्नावती भएको देख्न चाहन्छन् ।

## ३ पौराणिक तथा धार्मिक स्थल (Mythological & Religious Sites)

पनौती भ्रमणमा आउने नेपाली तथा भारतीय पर्यटकहरू प्रायःगरी गौतम ऋषिकी पत्नी अहिल्याको सोधी-खोजी गर्दछन् । नेपाली हिन्दू ब्राह्मण पुरोहितहरूलाई पनि अहिल्याका बारेमा जानकारी रहेको छ । धर्मग्रन्थहरूका पौराणिक कथाअनुसार गौतम ऋषि र उनकी श्रीमती अहिल्या पनौतीको त्रिवेणीघाट नजीकै बस्दथे । अहिल्याको रूप, सौन्दर्य र यौवनबाट मोहित भएका स्वर्गका राजा इन्द्र एक समय गौतम ऋषिकै भेष धारण गरेर पृथ्वीमा ओर्लिएछन् । समयभन्दा अगावै इन्द्रले भाले बासेको नक्कल गरेपछि सक्कली गौतम ऋषि स्नान गर्न त्रिवेणीघाट गएछन् । त्यही मौका पारेर छद्मभेषी इन्द्र आश्रममा छिरी ऋषि पत्नी अहिल्यासँग शारीरिक सम्बन्ध कायम गरे । नदी तट नजीकै पुगेपछि मात्रै आफूले फेर्ने धोती नल्याएको थाहा पाएर सक्कली गौतम ऋषि आश्रम फर्किए । आश्रमको ढोकामा आफ्नै भेषधारी इन्द्रलाई देखेपछि क्रोधित भएका गौतम ऋषिले दुवैलाई श्राप दिए । श्रापको प्रभावका कारण अहिल्या ढुङ्गामा परिणत भइन् ।[१३] उक्त ढुङ्गा अहिले पनि इन्द्रेश्वर मन्दिरको उत्तरपूर्वी कुनामा अवस्थित छ । ऋषिले दिएको श्रापकै कारण राजा इन्द्रको शरीरभरी हजारौं योनी निस्किएछन् । श्रापपछि लज्जित भएका राजा इन्द्र श्रापमुक्त हुने उपाय खोज्दै आफ्ना गुरु बृहस्पतिको शरण लिन पुगे । गुरु बृहस्पतिको सल्लाहअनुसार राजा इन्द्र मुक्तेश्वर महादेवको बाह्र वर्षे तपस्यामा बसे । १२ वर्षको तपस्याकाल सकिएपछि प्रसन्न भएका मुक्तेश्वर महादेवले इन्द्रलाई एउटा सुकेको बाँस दिएर भने कि, "यसलाई टेक्दै यात्रा गर्नु, बाँसमा पालुवा निस्केर जरा हाल्न थालेपछि तिमी योनिमुक्त हुन सक्नेछौ" । मुक्तेश्वर महादेवको आज्ञाअनुसार पृथ्वीको यात्रामा निस्किएका इन्द्र त्रिवेणीको नजिकपुगेपछि

---

[११] पार्वती चापागाईं र बगला रानामगर, *जर्नल अफ् हिस्टोरिकल रिभ्यू,* पद्मकन्या ब. क्या.नं १, भोलुम ३, २०७७ वि.सं., पृष्ठ १३९-१५१ ।

[१२] "द अर्लि मिडिएभल आर्किटेच्युरल कम्प्लेस् अफ् पनौती" (पनौतीको प्रारम्भिक मध्यकालीन वास्तुकला परिसरे), युनेस्को विश्व सम्पदा केन्द्र
(अङ्ग्रेजीमा), अन्तिम पहुँच २०२२-०१-३० ।

[१३] मिति २०७९ साल मङ्सीर ५ गते सोमबारका दिन एक अनुसन्धान टोलीसहित गरिएको पनौती अध्ययन भ्रमणका क्रममा पनौती न.पा. वडा नं. ६ का स्थानीय निवासी ८४ वर्षीय श्री टंकबहादुर बस्नेतसँग लिइएको अन्तर्वार्ताका आधारमा ।

उनले ढुंगामा टेकेको बाँसमा पालुवा आयो र त्यति नै खेर उनको निधारबाहेक शरीरभरी पलाएका सबै योनिहरू लुप्त भएका थिए ।

इन्द्रले ढुङ्गामा बसेर बिसाएकै हुनाले उक्त ठाउँको नाम पनौती रहन गएको विश्वास गरिन्छ । नेवारी भाषामा 'पँ' भनेको 'बाँस' र 'ल्हौं' भनेको 'ढुंगा' भन्ने बुझिन्छ । ढुंगामा बाँस बिसाउँदा पालुवा आएको हुनाले उक्त ठाउँ 'पँल्हौं' हुँदै कालान्तरमा पनौती नामकरण भएको विश्वास गरिएको छ । निधारको योनी नहटेपछि राजा इन्द्र पनौती नजिकै रहेको भालेश्वर महादेवको बाह्रवर्ष तपस्यामा बसेको धार्मिक मान्यता छ । त्यो तपस्यापछि भालेश्वर महादेवले इन्द्रको निधारमा रहेको योनिलाई आँखामा परिणत गरिदिएका थिए ।[१४] भालेश्वर महादेवलाई अहिले पनि पनौतीमा देख्न सकिन्छ । त्यही बेलादेखि संसारका सबै हिन्दू धर्मावलम्बीहरूका निम्ति तेस्रो आँखा भएका इन्द्रको पूजालाई निकै ठूलो महत्त्व दिइएको छ र यसको ऐतिहासिकता पनौतीसँग गाँसिएको पाइन्छ ।

इन्द्रले जुन ढुङ्गामा बाँस टेकाउँदा पालुवा पलायो, त्यही स्थानमा महादेवको मूर्ति स्थापना गरियो । इन्द्रले स्थापना गरेको उक्त महादेवको मूर्ति 'इन्द्रेश्वर महादेव' का नामले अहिलेसम्म परिचित छ । त्यस स्थानमा हाल रहेको मन्दिर भने ईस्वीको १३ औं शताब्दीका राजा जयसिंहराम मल्लले बनाएका हुन् । ऐतिहासिक तथ्यका आधारमा पनौतीको यही 'इन्द्रेश्वर महादेव' मन्दिर नेपालकै सबैभन्दा पुरानो मन्दिर मानिएको छ । यो मन्दिर १३ औं शताब्दीकै ढाँचा र शैलीमा निर्माण गरिएको छ । समयका हिसाबले चाँगुनारायण र पशुपति सबैभन्दा पुराना धार्मिक स्थल हुन् । ती दुवै स्थानमा मन्दिरको अहिलेको स्वरूप भने क्रमशः १४ औं र १५ औं शताब्दीमा बनेका हुन् । ऐतिहासिकता र धार्मिक मान्यताका हिसाबले पवित्र पनौतीका बारेमा हिन्दू धर्मावलम्बीहरू नै अनभिज्ञ छन् । सम्पदाहरूको महत्त्व त्यसको धार्मिक पक्षसँगै त्यसका पछाडि जोडिएको किंवदन्ती र ऐतिहासिक मान्यताले निर्धारण गरेको हुन्छ । व्यक्तिले इतिहास बनाउँदैन तर इतिहासले व्यक्ति बनाउँदछ । त्यस अर्थमा पनौती यी दुवै पक्षबाट सबैभन्दा अगाडि छ ।

इतिहासविद्का अनुसार राजा प्रताप मल्लले रानीपोखरी बनाइसकेपछि विभिन्न तीर्थस्थलको जल राख्ने क्रममा पनौतीस्थित त्रिवेणीघाटको जल पनि राखेको शिलालेखमा उल्लेख गरिएको छ । तीन नदीको सङ्गमस्थल त्रिवेणीघाटमा पूण्यमाता र रोशी खोलाबाहेक पद्ममावती नदी गुप्त रूपमा बगिरहेको मान्यता रहेको छ । भारतको प्रयागमा गङ्गा र यमुना नदीको सङ्गममा गुप्तरूपले सरस्वती नदी मिसएर बहेझैं पनौतीस्थित रोशीलाई रुद्रावती नदी, पून्यमाता नदीलाई लिलावती र गुप्तरूपले बहेकी ब्रह्मायणी मन्दिरमुनिबाट दूध बग्ने नदी रुद्रावती मानिँदै आइएको छ । स्कन्दपूराणअन्तर्गत हिमवत् खण्ड (नेपाल महात्म्य) मा वर्णन गरिएअनुसार परापूर्वकालमा श्रृष्टिकर्ता परब्रम्हाले 'अहिल्या' सुन्दरी सिर्जना गरी दश इन्द्रिय बसमा राख्न सक्ने गौतम ऋषिलाई नासोको रूपमा सुम्पिएपछि यो कुरा थाहा पाएका देवराज इन्द्र अहिल्याको रूपबाट कामातुर भई ऋषिको भेषमा अहिल्याको सतित्वहरण गरेका थिए ।

स्नान गरी फर्कंदा इन्द्रबाट अहिल्याको सतित्वहरण भएको थाहा पाएपछि रिसले चुर भएका गौतम ऋषिले उनलाई जुन वस्तुमा बढी लालसा राख्यो, त्यही वस्तु शरीरमा उत्पन्न होस् भनी श्राप दिएपछि इन्द्रको शरीरमा हजारौं योनी पाप चिह्नका रूपमा देखियो । सतित्वहरणपछि पत्थरझैं विवेकहीन अवस्थामा रहेपछि ऋषिले अहिल्यालाई शिला हुने श्राप दिएका र त्रेतायुगमा मर्यादा पुरुष रामचन्द्रको जन्म हुने र उनकै पाउ स्पर्सपछि अहिल्याको श्राप मोचन हुने भनियो । पनौतीस्थित इन्द्रेश्वर महादेव मन्दिरको उत्तरपूर्व कुनामा अवस्थित अहिल्या (शिला) लाई काठमाडौंको काष्ठमण्डपपछि पुरानो कलाकौशलयुक्त मन्दिरको रूपमा लिइएको छ । शरीरभरि योनी भएका देवराज इन्द्र पनौतीमा आई १२ वर्षसम्म 'श्री महादेव' को तपस्या/भक्ति गर्दा पापमुक्त भएपछि सोही बेलादेखि मकर मेला निरन्तर रूपमा चल्दै आएको जनविश्वास रहेको छ । अर्को

[१४] पनौती न.पा. वडा न. ७ यलाछे टोलका स्थानीय निवासी तथा पनौती संङ्ग्रहालयका कर्मचारी वर्ष ३५ का श्री राजेन्द्र महाजुले दिएको वर्णनअनुसार ।

किंवदन्तीअनुसार पाटन र पनौतीमा ठूलो खडेरी परेर अनिकाल हुँदा दुवै ठाउँका तान्त्रिकहरू फुल्चोकी माईकहाँ पूजापाठ गरी पानी माग्न थाले । दुई क्षेत्रबीच पानी लैजाने होडबाजी चलिरहेपछि फुल्चोकी माताले जसले पहिलो चाँदी र सुनको फूल चढाउँछ उसलाई वरदान दिने भनेकी थिइन् ।

त्यसपछि सुन र चाँदीवाला पाटनका तान्त्रिकले ती फूल बनाउन दिए, यता पनौतीका तान्त्रिकले आफूसँग जान्ने कालीगढ नभएको जनाउँदै तोरी र मूलाको फूल (सुन र चाँदीजस्तो देखिने) चढाएपछि सुन-चाँदीका निम्ति प्रख्यात पाटनलाई भन्दा मूला, तोरी र साग खेती गर्नेलाई पानीको अभाव छ भन्दै खुशी हुँदै फुल्चोकी माताले पनौतीतर्फ पानी पठाइदिइन् । ६ वर्षपछि सुन र चाँदीको फूल बनाएर फुल्चोकी मातालाई चढाएर आफूहरूलाई वरदान मिल्नुपर्ने बताएपछि माताले उक्त पानी आधा गोदावरी पठाएकी थिइन् । यसपछि ६/६ वर्षको अन्तरमा गोदावरी मेला र १२/१२ वर्षमा मकर मेला लाग्ने गरेको जनविश्वास रहेको छ । जन्मदेखि मृत्युसम्मका धार्मिक क्रियाकलाप हुने पनौतीको उक्त त्रिवेणी सङ्गममा हरेक वर्षको माघ महिनामा साँखु र भक्तपुरमा माधवनारायण देवतालाई यहाँ ल्याएर दुई दिनसम्म राखिने गरिन्छ ।[१५]

## ४. पनौतीमा पर्यटनको विकास (Tourism Development at Panauti)

ऐतिहासिक, धार्मिक-सांस्कृतिक तथा पुरातात्त्विक नगर पनौती विश्व सम्पदा सूचीमा सूचीकृत हुनेवाला छ । संयुक्त राष्ट्र सङ्घीय निकाय (युनेस्को) द्वारा २५ वर्षअघि प्रस्तावित काभ्रेपलाञ्चोक जिल्लाको ऐतिहासिक नगरी पनौतीलाई विश्व सम्पदामा सूचीकृत गर्ने अभियानमा वि.सं. १०७ को वर्षले तीव्रता पाएको थियो । सूचीकृतको अन्तिम प्रक्रियाका लागि मन्त्रिपरिषद्को बैठकको निर्णयको पर्खाइमा छ । पनौती नगरलाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्ने कार्यगत ०७७ सालदेखि नै अघि बढाइएपछि युनेस्कोको नेपाल प्रमुख क्रिष्टियन मनहर्टले हालै पनौतीका ऐतिहासिक, धार्मिक तथा पुरातात्त्विक सम्पदाको अवलोकन गरेका थिए । अवलोकनका क्रममा मनहर्टले विशेष रुचिपूर्वक मठमन्दिर तथा पुराना नेपाली मौलिकता बोकेका धरोहरलाई विश्व सम्पदामा सूचीकृत गर्न युनेस्को तयार भएको स्थानीय जनप्रतिनिधिलाई जानकारी गराएपछि नगरले प्रक्रियाका लागि बजेटसमेत विनियोजन गरेको थियो ।[१६]

राष्ट्रिय पहिचान तथा अस्तित्वसँग गाँसिएका हाम्रा पूर्वजहरूबाट प्राप्त विशेषस्थान कला संस्कृति र प्राकृतिक परिवेशहरूलाई राष्ट्रिय सम्पदा भनिन्छ । यस्ता सम्पदाहरू राष्ट्रका गहना र चिनारीहरू हुन् । युनेश्कोको विश्व सम्पदा सूचीमा सूचीकृत भएका उपत्यकाभित्रका पशुपतिनाथक्षेत्र, स्वयम्भूको चैत्य, महाबौद्धस्थल, चाँगुनारायणको मन्दिरक्षेत्र, हनुमानढोका दरबार परिसर, पाटन दरबार स्क्वायर, भक्तपुर दरबार परिसरजस्तै गरी प्राचीन पनौती दरबार क्षेत्रलाई पनि उक्त सूचीमा सूचीकृत गर्दा यहाँको पर्यटन क्षेत्रले ठूलो महत्त्व राख्दछ ।[१७] १२ वर्षे मकर मेला (२०७८ माघ) अगावै विश्व सम्पदा सूचीमा सूचीकृत हुने तयारीमा थियो । नगरले चालू आर्थिक वर्षमा यसका लागि बजेटसमेत विनियोजन गरेर काम अघि बढाएको थियो । नगरले चालू आर्थिक वर्षमा विश्व सम्पदामा सूचीकृत गराउन रु. एक करोड बजेट छुट्याएको थियो । सूचीकृतको मन्त्रालयगत प्रक्रिया अन्तिम चरणमा पुऱ्याइएपछि मन्त्रिपरिषद् बैठकले निर्णय गर्न बाँकी रहेको छ ।

मन्त्रिपरिषद्को बैठकले निर्णय गरेपछि सो निर्णयको आधारमा यूनेस्कोले पनौतीलाई विश्व सम्पदामा सूचीकृत गर्नेछ । सूचीकृतको यस प्रक्रियामा आफूद्वारा पुनःनिर्माण गर्ने ७२ वटा मौलिक नेपाली घरको विस्तृत अध्ययन प्रतिवेदन (डिपिआर) समेत स्थानीय आरपी फाउण्डेशनले नगरलाई हस्तान्तरण गरेको छ । नगर

---

[१५] *ऐजन्*, महाजुकै वर्णनमा आधारित ।

[१६] *ऐजन्* ।

[१७] कार्यपत्र प्रस्तोताको व्यक्तिगत भ्रमणको अनुभव र स्थानीय बासिन्दासँग छलफल गरेको आधारमा ।

कार्यालयद्वारा सांस्कृतिक पर्यटन विकासका लागि कलात्मक काठ बनाउने तालीम, होमस्टे (घरबास) सञ्चालन र पुरातात्त्विक सम्पदाको संरक्षण कार्यक्रम सञ्चालन गरेको छ । काभ्रेपलाञ्चोकको पनौती विश्व सम्पदामा सूचीकृत भएपछि 'पनौती यूनेस्को विश्व सम्पदा क्षेत्र' भनिनेछ । युनेस्कोले कुनै पनि राष्ट्रको विशेष सांस्कृतिक महत्त्व राख्ने (जस्तै : वन, पहाड, ताल, द्वीप, मरुभूमि, स्मारक, भवन, वा शहर) धरोहरलाई आफ्नो सूचीमा सूचीबद्ध गर्ने गर्दछ । जुन विश्व सम्पदा समितिद्वारा चयन गर्ने गरिन्छ ।[१८]

पनौतीलाई सरकारले प्राचीन स्मारक संरक्षण ऐन, २०३१ अनुसार २०५८ सालमा 'स्मारक क्षेत्र' घोषणा गरिसकेको छ । युनेस्कोको नेपालस्थित निकायले २०५२ सालमै पनौतीलाई मध्यकालीन वास्तुकला क्षेत्र जनाउँदै विश्व सम्पदामा सूचीकृत गर्न प्रस्ताव गरेको थियो । त्यसयता सरोकारवालाको बेवास्ताले सूचीकृतको काम अन्यौलमा रहँदै आएको छ । पुरातत्त्व विभागद्वारा हाल पनौती नगरका ऐतिहासिक मठमन्दिर तथा पुराना कलात्मक शैलीका घरको पुनःनिर्माण भइरहेको छ । पनौती न.पा. को वडा नं ५, ६ र ७ नं. मा एक सयभन्दा बढी ऐतिहासिक मठमन्दिर, पाटी, पौवा रहेका छन् । फ्रान्स सरकारको सहयोगमा २०४८ सालदेखि २०५५ सालसम्ममा ती मठमन्दिर, पाटी, पौवाको मर्मत एवं जीर्णोद्वार गरिएको थियो । हाल नेपालका चार क्षेत्रलाई विश्व सम्पदा सूचीमा सूचीकृत गरिएको छ । जसमा काठमाडौँ उपत्यका-उपत्यकाका सात क्षेत्रहरू : काठमाडौँ, पाटन र भक्तपुर दरबार क्षेत्र, पशुपतिनाथको मन्दिर, स्वयम्भूनाथ, बौद्धनाथ र चाँगुनारायण मन्दिर, चितवन राष्ट्रिय निकुञ्ज, लुम्बिनी र सगरमाथा राष्ट्रिय निकुञ्ज रहेका छन् । नेपालले हालसम्म पनौतीसहित १५ वटा ऐतिहासिक एवं पर्यटकीयस्थललाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्न युनेस्कोसमक्ष प्रस्ताव पेश गरेको छ । यसमध्ये सूचीकृत हुनेमा पनौती पहिलो नं. मा हुने देखिएको छ ।

पनौती न.पा. वडा नं. ७ त्रिबेणीघाटस्थित पुरातात्त्विक सम्पदा फल्चा (पाटी) जुन विभिन्न चाडपर्व, जात्रामा बिभिन्न उद्वेश्य तथा सार्वजनिक प्रयोजनमा प्रयोग हुँदै आईरहेको छ । हाल सो फल्चा (पाटी) मा पाटीको बिशेषता, मर्म नै लोप हुने तरिकाबाट थप संरचना निर्माणको कार्य भईरहेको छ । पुरातात्त्विक सम्पदा संरक्षण तथा पुनःनिर्माण गर्दा पुरातात्त्विक नियमअनुसार जस्ताको तस्तै निर्माण गर्नुपर्दछ । यहाँ नियमलाई लत्याएर सम्दाको बिशेषता नै मासिएको छ । विश्व उलकअनुसार संसारको ऐैतिहासिक कालखण्डमा अलिखित इतिहास भएतापनि पौराणिक कथामा आधारित भएर बनेका कला, कौशल, संस्कृति र संस्कारले "कालकुट बिष दहनलाई नेपालमा शितलता दिँदै कैलाश सवार निलकण्ठ" घटनालाई पुष्ट्याई गर्दछ । संसारमा बढदो पर्यटकिय भ्रमण तथा हिन्दुहरूको आराध्यदेव निलकण्ठले शान्ति प्राप्तिको लागि पदार्पण गरेको भूमीबारे गहन अध्ययन गरि दिगो अवधारणाका साथ स्थानीय श्रोत र साधनबाट प्रकृतिप्रेमी मौलिक पर्यटकीय (तिर्थाटन) संरचना बनाउन सके स्थानीय तथा नेपाल सरकारले पर्यटन क्षेत्रबाट राष्ट्रको आर्थिक विकासमा थप टेवा पुऱ्याउन सक्दछ । इन्द्रेश्वर मन्दिर र दरबार परिसर क्षेत्रलाई पनौतीको मुख्य क्षेत्र मानिएको छ । मल्लकालमा पनौती शहर भक्तपुरका राजा भूपतीन्द्र मल्लले आफ्नी बहिनीलाई दाइजो दिएका थिए ।[१९]

१२ वर्षे मकर सङ्क्रान्तिका दिनमा पनौतीको पावन स्थलमा मकर मेला लाग्ने गर्दछ । उत्तर भारतको प्रयाग क्षँत्रदेखि यस मकर मेला भर्नका लागि तीर्थालुहरू पनौती आउने गरेका छन् । मेला लाग्ने प्रमुख स्थान पनौतीस्थित 'त्रिवेणीघाट' हो । यस स्थानमा मकर मेलालाई व्यवस्थित बनाउन पनौती न.पा. ले थप भौतिक संरचनासहित थुप्रै योजना अघि सारेको छ । उक्त स्थानमा स्नान गरेर त्यहाँको जल उत्तरतर्फ कुञ्जगिरिमा अवस्थित गोरखनाथलाई अर्पण गर्नाले ठूलो पूण्य मिल्ने धार्मिक आस्था रहेको छ । पनौती क्षेत्रमा एक महिनासम्म लाग्ने मकर मेलालाई थप व्यवस्थित बनाउन डाँडाचौर-सूर्यविनायक-मानेदोभान तथा रानीकोट-सूर्यविनायक-जाकीडोल र पनौतीबाट वी.पी. राजमार्ग जोड्ने सडक पूर्णरूपले सञ्चालनमा ल्याउनका लागि

[१८] सांस्कृतिक तथा प्राकृतिक सम्पदालाई विश्व सम्पदा सूचीमा सूचीकृत गरिने प्रक्रिया र पद्धतिका आधारमा ।

[१९] सूर्यप्रसाद लाकोजू, *पनौती,* (काभ्रे पनौती : सविताकुमारी श्रेष्ठ, तेसो संस्करण २०७१ वि.सं.) पृष्ठ, ११२ ।

त्यसको निर्माण एवं स्तरोन्नति कार्य भइरहेको छ । पनौती नगरले निर्माणाधीन पनौती-बाँसडोल, पनौती-खोपासी, पनौती-कुशादेवी, पनौती-बनेपा र पनौती आशापुरी सडकलाई स्तरोन्नति (पक्की) गरी यथाशक्य सञ्चालनमा ल्याइने भएको छ ।

मकर मेलालाई व्यवस्थित गर्न त्यतिबेला श्रद्धालु भक्तजनहरूलाई स्नानको लागि त्रिवेणीघाट वरिपरि बेलीब्रिज र मानेश्वरी बसपार्कदेखि त्रिवेणीघाटसम्म पूण्यमाता खोलाको दायाँबायाँ पैदलमार्ग, विश्रामस्थल लगायतका भौतिक संरचना गर्ने कार्यहरू द्रुत गतिका साथ अघि बढाइएको थियो । नगरले ढुङ्गेधारा मर्मत, थप धाराहरूको व्यवस्था, फुटपाथ मर्मत, ऐतिहासिक पाटीका जस्तापाता निकालेर झिङ्गटीले छाउने, रथहरूको आवश्यक मर्मत गरी तयारी अवस्थामा राख्ने, सडक बत्तीको पर्याप्त व्यवस्था गर्ने योजना रहेको थियो । पनौतीबाट चल्ने सबै प्रकारका सवारी साधनहरूमा 'भिजिट मकर मेला-२०७८, पनौती' लेखिएको स्टिकर तथा फ्लेक्सहरू टाँगिएको थियो । नगरको योजनाअनुसार त्रिवेणीघाटस्थित रोशी खोलातर्फ सिँढी, चारवटा ड्याम र शौचालय मर्मत-सुधार, मानेश्वरी बसपार्क क्षेत्रमा शौचालय निर्माण तथा आवश्यक अस्थायी शौचालय बनाइएको थियो । मेला अवधिभर मल्पी ड्यामबाट नियमित रूपले रोशी खोला तथा मल्पी-लिलावती बाँसडोल खोलामा स्वच्छ पानी बगाइएको थियो । यसका लागि मकर मेला शुरु हुनु भन्दा हप्ता दिन पहिले खानी तथा खानीजन्य उत्खनन, पैठारी बन्द गर्ने योजना बनाइयो ।

हाल यस पनौती मार्गको स्तरोन्नति भइरहेको बनेपा-पनौती सडकमा मेला अवधिभर ट्राफिक जाम कम गर्न निर्माणाधीन पनौती-बनेपा (पुण्यमाता करिडोर) ले निकै राहत दिलाउनेछ । पनौती आउने विभिन्न सडकलाई मर्मतसम्भार एवं स्तरोन्नति गर्दा हिन्दू धर्मावलम्बीलाई सजिलो हुने अपेक्षा गरिएको छ । यो पनौती क्षेत्र सङ्घीय राजधानी काठमाडौँबाट पूर्वतर्फ २५ किलोमिटर तथा बनेपाबाट ६ किलोमिटर दक्षिणमा पर्दछ । मेला सम्पन्न गर्न नगर प्रमुखको उपस्थितिमा हालै एक दर्जन उपभोक्ता समिति गठन गरिएका छन् । ती समितिले यसै वर्ष आगामी पुसको अन्त्यसम्ममा त्रिवेणीघाट मात्र नभई सिङ्गो पनौतीलाई 'दुलही'झैं सिङ्गार्नुपर्ने जिम्मेवारी दिइएको छ । यसमध्ये पनौतीभित्रका मठमन्दिर तथा पाटीमा रङ्गरोगन तथा झल्लर-तोरणले झिलीमिली बनाइने मुख्य काम हो । पनौती प्रवेश गर्ने मुख्य नाकामा स्वागतद्वार निर्माण गर्नुपर्नेछ । पनौतीको भौतिक निर्माणका लागि चालू आर्थिक वर्षदेखि नै नगरले रु ३,००,००,००० (तीन करोड) भन्दा बढीको बजेट छुट्याइएको थियो । पनौती न.पा. र ईन हाउस क्रियसनको संयुक्त सहकार्यमा पनौती मकर मेलाको आकर्षक लोकगीत गाइएको थियो । यस पनौती क्षेत्रका अनुसन्धानकर्ता सूर्यप्रसाद लाकोजूले किरातकालीन, लिच्छविकालीन र मल्लकालीन इतिहासका पाटाहरूलाई केलाएर पनौतीभित्रको पनौतीका खोजी गर्नुपर्ने सन्देश दिएका छन् ।

प्राचीन पहिचान बोकेको पनौती शहर तेंतिसकोटी देवताहरूको बासस्थान र विश्वसम्पदा सूचीमा सूचीकृत गर्न लागिएको वर्णनसहितको लोकगीतले महत्त्वपूर्ण स्थान लिएको थियो । इन्द्रेश्वर महादेव, धनेश्वर, लड्केश्वर, शंकु, सचीतीर्थ, सनराईज देखिने उचाइको नागीडाँडा आदिको महिमा गाइएको थियो । हाल पनौतीको विकासमा 'पनौती पर्यटन विकास केन्द्र' लागिपरेको छ । सूर्य लाकोजु र सुमन ताम्राकारद्वारा पनौतीजात्रासहितका कृतिहरू प्रकाशित गरिएको छ । पनौतीका सांस्कृतिक सम्पदाहरू नृसिंह मठ, द्रौपदा मन्दिर, चौकोट गणेश, उन्मत भैरब, तुलानारायण, लक्ष्मीनारायण, सत्यनारायण, सूर्यनारायण र कृष्णनारायण नामक चार नारायण, पनौती संग्रहालय, अघाटालस्थित कालिका, किसिगटोलको हरिसिद्धि, नवदुर्गा र लायकू, यालाछे, वलाछे र पमाडी टोलमा रहेका दिकपाल, जलाँ र ब्रह्मायणी डबलीहरू, गोरखनाथ कुञ्ज पर्वत, लायकू दरबार, इन्द्रेश्वर मन्दिरका जीवित सांस्कृतिक र ऐतिहासिक सम्पदाहरूले पनौतीको आन्तरिक र बाह्य पर्यटनमा निकै ठूलो सहयोग पुऱ्याएका छन् । पनौती क्षेत्रमा लाग्ने माधवनारायण मेला, मकर मेला, ज्याः पुन्ही वा ब्रम्हायणी मेला, नवबुद्ध मेला पर्यटन विकासका थप पर्वहरू हुन् । नेपालका प्रकृति प्रदत्त

वातावरणलाई नेपाली पर्यटन व्यवसायीहरूले व्यवस्थित बनाउन सकेको खण्डमा जुनसुकै पर्यटनको दिगो विस्तार हुँदै जान सक्छ ।[२०]

## ५ पनौतीमा पर्यटकीय गतिविधिहरू (Tourism Activities at Panauti)

कुनै पनि पर्यटनको क्षेत्रको विकासका लागि राष्ट्रिय स्तरमा सरकार, पर्यटन व्यवसायी एवं उद्योगी, र स्थानीय व्यवस्थापन पक्षको समायोजन हुनु पर्दछ ।[२१] साहसिक पर्यटकीय क्रियाकलापहरूबाट पर्यटनको क्षेत्रमा प्रत्यक्ष प्रभाव पर्दछ । नेपालका सांस्कृतिक सम्पदाका रूपमा रहेका पशुपतिनाथ, स्वयम्भू, बौद्धनाथ, चाँगुनारायण, भक्तपुर, पाटन र काठमाडौं दरबार स्क्वायर सरह पनौती नामक प्राचीन शहर पनि विश्व सम्पदा सूचीमा सूचीकृत गरिनु पर्दछ । उपत्यका र आसपासको क्षेत्रमा अवस्थित पनौती पर्यटनको लागि एउटा उर्बर भूमि मान्न सकिन्छ । पनौती पर्यटकहरूको लागि सांस्कृतिक र कलापूर्ण सम्पदाले भरिपूर्ण क्षेत्र भए पनि त्यहाँका स्थानीय बासिन्दाको लागि जीवन बदल्ने पर्यटकीय भूमि बन्न सकेको छैन । त्यहाँका पुरातात्विक, सांस्कृतिक, पौराणिक सम्पदाबारे जानकारी लिन हप्ता दिनसम्म पर्यटकहरूलाई भ्रमण-अवलोकन गर्न सकिने क्षेत्र हो-पनौती ।

यहाँका वर्षचक्रका प्रशिद्ध जात्राहरूमा नमोबुद्ध, नवदुर्गा, रङ्गनाथ भगवान, पनौती, चिलाख, भीमसेन, कृष्ण, नारायण, तलेजु, बह्मायणी, सिद्धिविनायक, खड्ग, महालक्ष्मी, मानेश्वरी, शंकटा, बिस्केट, हरिसिद्धि आदि पर्दछन् । जात्रा चलेका बेला यहाँ स्थानीयहरूको भीड लाग्दछ । पौराणिक-धार्मिक, सामाजिक-सांस्कृतिक, भौगोलिक-प्राकृतिक र पुरतात्त्विक-ऐतिहासिक पर्यटनका रूपमा पनौती क्षेत्र महत्त्वपूर्ण छ । राष्ट्रिय जनगणना-२०६८ अनुसार महिला १४,२६७ र पुरुष १३,०९१ गरी जम्मा २७,३५८ जनसंख्यामध्ये कृषिमा ९३ %, व्यापारमा ५% र नोकरीमा २% रहे पनि हाल तीनवटै पेसामा सम्लग्न पनौतीबासीहरूको आकर्षण पर्यटनतर्फ बढ्दै गएको देखिन्छ । पनौती संग्रहालयमा उपलब्ध तथ्याङ्कअनुसार नेपालको सबैभन्दा प्राचीन शहर पनौती भ्रमण अवलोकन गर्ने विदेशी एवं सार्क राष्ट्रका र नेपाली विद्यार्थीहरूको आगमनबारे यहाँ एउटा तालिका दिइएको छ :

| | **बाह्यसार्क राष्ट्र बाहेकका** | **सार्क राष्ट्रका** | **स्वदेशी/आन्तरिक** | **स्वदेशी विद्यार्थीहरू** | **जम्मा संख्या** |
|---|---|---|---|---|---|
| २०६८/०६९ | २,७९५ | १३८ | ४०७ | १,०५९ | ३,६९९ |
| ०६९/०७० | २,८९७ | १८४ | ४८४ | १,१८८ | ४,७५३ |
| ०७०/०७१ | २,८७८ | २२१ | ५१५ | ९१७ | ४,५३१ |
| ०७१/०७२ | २,९४८ | १५४ | ५२४ | १,०८८ | ४,७१४ |
| ०७२/०७३ | १,१२८ | १३८ | ५१४ | १,०९९ | २,८७९ |
| ०७३/०७४ | २,४१५ | १७७ | ६२९ | १,३११ | ४,५३२ |
| ०७४/०७५ | ३,१५१ | १०० | ८६९ | १,७४४ | ५,८६४ |
| ०७५/०७६ | ३,९५३ | ४०८ | ९५४ | २,००५ | ७,३२० |
| ०७६/०७७ | ३,०४७ | १३५ | ९५५ | १,१४७ | ५,२८० |
| ०७७/०७८ | २४ | ०५ | २६३ | १३१ | ४२३ |
| ०७८/०७९ | ४६७ | ४७ | ३,३२४ | १,३८३ | ५,२२१ |
| ०७९/जूनसम्म | ४९९ | १७ | ३७९ | ३४६ | १,२४१ |

[२०] टोनी हेगन, *नेपाल द किङडम् अफ् हिमालयज्* , (देल्ही : अक्सफोर्ड एन्ड आइ.बी. एम. पब्लिसिङ कम्पनी, १९७० ई ।

[२१] बमबहादुर अधिकारी, *विश्व पर्यटन र विकासको अवधारणा,* (काठमाडौं : पदमकुमारी पौडेल, २०७८ .वि.सं.) पृष्ठ, २६३ ।

**स्रोत :** इन्द्रेश्वर मन्दिर हाताभित्रको पनौती संग्रहालयका प्रमुख श्री राजेन्द्र महाजूबाट उपलब्ध स्रोतअनुसार ।

### (क) धार्मिक पर्यटन (Religious Tourism)

स्वर्गका राजा देवराज इन्द्रको तपोभूमि, गौतम पत्नी अहिल्याको मुक्तिभूमि र शचीको प्रिय भूमि हो- पनौती । विरुपाक्षलाई अन्जानमा आमासँगको यौनकर्मको पश्चाताप परी ने मुनिको सल्लाहअनुसार स्नान गरेर मोक्ष प्राप्त गरेको भूमि पनि हो । नेपाल महात्म्यमा उल्लेख भएनुसार "जेष्ठमासे पौर्णमास्यां स्नानं कृत्वा तु सङ्गमे, इन्द्रश्वरं च द्रक्ष्यन्ति तेक्षं स्वर्गो न संशय :भनिएको छ । पनौतीलाई शचीतीर्थ, पावनधाम र उत्तरप्रयाग जस्ता नामले सम्बोधन गरिएको छ । पनौतीको धनेश्वरमा सतिदेवीको दायाँ कान र भालेश्वरमा बायाँ कान पतन भई शक्तिपीठ बनेको धार्मिक आस्थाको केन्द्रविन्दु हो । सबै क्षेत्रका भक्तजनहरूले पाप पखालेर मुक्त भइ धर्म कमाउने पवित्र तीर्थस्थल हो । कान्तिपुरको घोडेजात्रा चलाउँदा भैरवको प्रतीक स्वरूप यहाँको प्रसाद (क्वं द्यः) लैजानु पर्छ भने नेपाल खाल्डो र वरपरका जात्राहरूमा पहिलो र अन्तिम जात्रा पनौतीमा लाग्दछ । नेपाल भाषामा 'पलाँती' (पाइला राख) भनेर चिनिएको पनौतीमा प को अर्थ पद्मावती, ला को अर्थ लिलावती र ती को अर्थ रुद्रावती हो । एउटै विशाल ढुङ्गामा अडेको अश्मनगरका नामले चिनिने पनौतीमा कहिल्यै पनि भूकम्प जाँदैन भनिन्छ । तसर्थ यो पनौतीक्षेत्रलाई धार्मिक पर्यटनको केन्द्रविन्दूका रूपमा गणना गरिएको छ ।

### (ख) सांस्कृतिक पर्यटन (Cultural Tourism)

सांस्कृतिक सम्पदाले भरिपूर्ण पनौती नगरमा प्राचीन दरबार, मन्दिर, पाटी, चोक डबली, चैत्य र विहार आदिका नामले स्मारकक्षेत्र र बाहिर झण्डै १ सय जति सांस्कृतिक पर्यटनका लागि आवश्यक सम्पदाहरू रहेका छन् । प्यागोडा शैलीमा निर्मित इन्द्रेश्वर मन्दिर धार्मिक र पौराणिक धरोहर हो भने १२ वर्षे मकरमेला र पनौती जात्राहरू, मन्दिरका टुँडालहरूमा काष्टकलाकृतिले सिँगारिएका चित्रकारिता तथा अष्टमातृकाका भैरव मूर्तिहरू, ढुंगेधारा, इनार, पाटीहरूले त्यहाँको प्राचीन संस्कृतिको चिनारी दिएका छन् । पनौतीस्थित उन्मत भैरव, वंशगोपाल, ब्रह्मायणी, जलेश्वर, तोलानारायण, बद्रीनारायण, भद्रकाली, धनेश्वर महादेव, पशुपति, राम, केदारनाथ, मुक्तेश्वर महादेव, मानेश्वरी, गोरखनाथ, माधवनारायण, सङ्कष्टनारायण, शितला, माई, वत्सलादेवी, मत्स्यनारायण, वासुकी नागराज, पंचमुखी महादेव, भगवती, काठंगणेशका मन्दिरहरू तथा धर्मधातु महाविहार एवं चैत्यहरूलगायत सात डबली, सात टोल, त्रिवेणी सत्तल र पनौती सङ्ग्रहालय यहाँका सांस्कृतिक सम्पदाहरू हुन् । यहाँ मनाइने स्थानीय प्रशिद्ध जात्राहरूमा नमोबुद्ध जात्रा, पनौती जात्रा, चौकोट जात्रा पर्दछन् । हाल पुराना जोगी नाच, बाँदर नाच र लाखे नाच, भीमसेन जात्रा, नारायण जात्रा र टिप्वाँ जात्राजस्ता केही जात्राहरू संरक्षणको अभावका कारण लोप भइसकेका छन् । पनौतीबासीले भक्तपुरको नवदुर्गा नाच र ललितपुरको हरिसिद्धि नाचलाई भने भित्र्याएका छन् ।[२२]

### (ग) विदा/छुट्टी पर्यटन (Holiday|Vacationer Tourism)

पनौतीक्षेत्रमा कुञ्जगिरि पर्वतको दलिन्चोक डाँडामा गोरखनाथको मन्दिर अवस्थित छ । मकरमेलामा त्रिवेणीघाट स्नान गरेर सबै वरपरका देवीदेवताहरूको दर्शन गरिसकेपछि गोरखनाथको दर्शन गर्ने प्रचलन रहेको छ । त्यहाँको डाँडोको टुप्पोबाट सुन्दर हिमश्रृङ्खलाहरूको अवलोकन गर्न सकिने भएर यो क्षेत्रमा विदाको बेला वा शनिवारका दिन थुप्रै स्थानीय बासिन्दाहरू जम्मा भएर छुट्टी मनाउने गर्दछन् । पनौतीको बजारको बाटो अवलोकनका साथ युवायुवतीहरू हाइकिङ र साइक्लिङ गरेर गोरखनाथको डाँडोमा विदा मनाउन जाने गर्दछन् । इन्द्रायणी मन्दिरबाट सिँढी चढेर गोरखनाथको डाँडामा पुगी पर्यटकीय दृश्यावलोकन गर्न सकिन्छ । हिजोआज यस डाँडोमा पनौतीक्षेत्रका विद्यालय कलेजका विद्यार्थीहरू पनि त्यहाँ मनोरञ्जनका लागि जाने गर्दछन् । इन्द्रेश्वर मन्दिरदेखि सिँढीको माथि माथि हरिद्धारमा राखेजस्तै गरी एउटा केबुलकार राख्ने हो भने हिँड्न नसक्ने बृद्धबृद्धाहरू पनि सो ठाउँमा सजिलै जान सक्दछन् ।

---

[२२] सुमनराज ताम्राकार, *पनौतीका चाडपर्वहरू र मकरमेला,* (सुमनराज ताम्राकार, धुलिखेल : २०६६ वि.सं.) पृष्ठ, ६७-७३ ।

दर्शनार्थीहरूले त्रिवेणीघाटको जल बुढीऔंलाको खोपिल्टोमा राखी गोरखनाथलाई जल चढाएमा मनले चिताएको पुग्छ भन्ने धार्मिक विश्वास रहेको छ । कैलाशपर्वतको दलिनचोक नामले चिनिएको दलिनचोकको डाँडोमा उहिले तीनतले दरबार रहेको थियो । उहिले त्रेता युगमा रावणका छोरा इन्द्रजित र भगवान रामका वीचमा युद्ध हुँदा इन्द्रजितको नागपासबाट रामसँगै युद्ध लड्न गएका लक्ष्मण मूर्छित हुँदा सञ्जिवनी बुटी लिन भनेर हिमालतिर गएका हनुमानले सो बुटी नचिनेर सञ्जिवनी बुटी भएको पर्वत नै उचालेर ल्याएका थिए । हाल सोही पर्वतलाई कुन्जगिरि वा गोरखनाथको डाँडो भनिन्छ । केही वर्ष पहिले त्यहाँ सिंहमर्मरको कलात्मक गोरखनाथको प्रतीकका रूपमा शिलामूर्ति राखिएको छ । पर्यटकीय दृष्टिकोणबाट यो गोरखनाथको डाँडो अत्यन्त सुन्दर छ । यहाँ रहेका गणेश मूर्ति र अन्य वास्तुकला एवं नवनिर्मित करुणामयको टाउको नभएको मूर्ति र भैरव, नारायण, शिवलिङ्गहरू हेर्न र नाचगान गर्नका लागि स्थानीय आन्तरिक पर्यटकहरू विदाको बेला आउने गर्दछन् । शुक्रवार कलेज विद्यालय सकेर बेलुकी पख पनौती बजार घुमफिर गरी १ रात पनौतीका होमस्टेमा बसेर शनिवार छुट्टी मनाउनका लागि गोरखनाथ मन्दिर रहेको क्षेत्रमा आउने गर्दछन् ।[२३]

## (घ) ट्रेकिङ/पदयात्रा पर्यटन (Trekking)

नेपालका धेरै क्षेत्रहरू भ्रमणयोग्य हुनुको साथै पदयात्राका लागि मनमोहक भएकाले विदेशी पर्यटकहरूको गन्तव्यस्थल बनेका छन् ।[२४] मन्दिरै मन्दिरले घेरिएको उपत्यका पूर्वको प्राचीन कलाकारिताले सजिएको पनौतीबजार ट्रेकिङ एवं पदयात्राको लागि अत्यन्त महत्त्वपूर्ण छ । २ दिन २ रात टूरको पनौतीको समय लिएर पदयात्राको भ्रमण अवलोकन गर्दा पनौतीका सबै सांस्कृतिक, ऐतिहासिक र पुरातात्त्विक धरोहरहरूको दृश्यावलोकन गर्न सकिन्छ । साइकल, मोटरसाइकल, जीप, मिनिबस र बसबाट यहाँका धार्मिक एवं पौराणिक प्रमुख क्षेत्रहरूको अवलोकन १ दिन १ रातमैं गर्न सकिन्छ । पनौती क्षेत्रमा सञ्चालित सामुदायिक तथा निजी होमस्टेहरूले यो हाइकिङ पर्यटन सञ्चालन गर्ने हो भने अत्यन्त प्रभावकारी हुनसक्छ । सामुदायिक होमस्टेबाट पनौती पदयात्राको ट्रेकिङ एजेन्सीहरू खोलिनु पर्दछ । प्राचीन र मध्यकालीन जनजीवनको प्रमुख आधार ट्रेकिङ भएकाले पनौती शहरको प्राचीनता र मध्यकालीन स्थिथिको अवलोकनका लागि ट्रेकिङ प्रभावकारी उपाय हो । होमस्टेहरूले पनौतीको ऐतिहासिक र सांस्कृतिक विकासका लागि आन्तरिक तथा बाह्य पर्यटकहरूलाई अध्यापन गराएर पनौतीको विभिन्न कालखण्डको बारेमा बुझाउन सक्नु पर्दछ । पनौती तीर्थयात्राका मेलापर्वको सम्बन्धमा पर्यटकहरूलाई राम्रोसँग जानकारी गराउने हो भने यहाँको पर्यटनको विकास हुनसक्छ ।

## (ङ) दृश्यावलोकन पर्यटन (Sight Seeing Tourism)

फूल्चोकी पहाडबाट उत्पत्ति भएर पनौतीलाई पवित्र तीर्थस्थल बनाउने फूलचोकी माताबाट वरदान प्राप्त गरेकी लीलावतीले पद्मावती र रुद्रावतीसँग मिलेर शचीतीर्थको उत्पत्ति भएको दृश्य धार्मिक पर्यटनको अनुपम उपहार बनेको छ । रोषमती रोसी खोला पश्चिमबाट पूर्वतर्फ बगेको दृश्य अनौठो छ । पुण्यमाता खोालका ढुंगाहरू पूर्वतर्फ फर्कनु पर्नेमा पश्चिमतिर माथि फर्केका छन् । यही खोलामा पितृको श्राद्ध सकेपछि पिण्ड सेलाउने प्रचलन रहेको छ । त्रिवेणीघाटदेखि बाँसडोलसम्मका ढुंगाहरू विपरीत दिशातर्फ फर्केको दृश्य अचम्मको भएका कारण यसको किंवदन्ती बासुकी नागसँग सम्बन्धित छ । पनौती नगरका विविध मन्दिरहरूमा कुँदिएका काष्ठकलाका नमूनाहरू हेर्न लायकका छन् । पनौतीका पमाडी, विद्यापिठ, अघा, बलाक्षें डुमाङ्गल कोलाक्षैं र यालाक्षें टोलमा निर्मित प्राचीन र मध्यकालीन पाटी पौवा र डबलीहरू अत्यन्त आकर्षक छन् । यहाँका खोलाहरू असला माछा र पनौती

[२३] लाकोजू, *पूर्ववत्* , टिप्पणी नं. १९, पृष्ठ, १०६-१०७ ।

[२४] उद्धव पुरी, *पर्यटन र विकास,* (काठमाडौं : तलेजु प्रकाशन, २०५६ वि.सं.) पृष्ठ, २०७ ।

फाँटको सिंचाइको लागि उपयुक्त छ । पनौतीको सेरोफेरोलाई समेटेर यूनेस्कोले विश्व सम्पदा सूचीमा सूचीकृत गर्न आवश्यक देखिन्छ ।

### (च) शैक्षिक पर्यटन (Educational Tourism)

वि.सं. २००७ सालको जनक्रान्तिपश्चात् देश विकासको मूल आधार शिक्षा हो भन्ने कुरालाई आत्मसात् गर्दै शैक्षिक विकासले गति लिन थाल्यो र पनौतीमा २००८ सालमा इन्द्रेश्वर मिडिल स्कूल खुल्लो । खोपासीस्थित श्रीराम प्राथमिक विद्यालयले पनि रामभुफपडी, मयलबोट, कोइरालापाटी र भीमसेनस्थान भएर हालको आफ्नै भवन प्राप्त गरेको हो । पनौती नि.मा.वि. नै प्रमाणिक रूपमा पनौतीको पहिलो शैक्षिक संस्था हो । भाषा पाठशालाको जन्म भने लाम्पाटीमा भयो र पनौतीबासीले सावाँ अक्षर चिन्ने र सिक्ने मौका यही पाठशालाबाट पाएका थिए । उक्त भाषा पाठशालाको स्थापना वि.सं. १९८६ मैं भएको थियो । पनौतीबासीलाई शैक्षिक विकासमा टेवा पुऱ्याउने उद्देश्यले वि.सं.२०१२ सालमा ज्ञानविकास पुस्तकालयको उदय भयो । तत्पश्चात् पनौती क्षेत्रमा धेनु, पुनर्जागरण, नसंचा व्वने कुथी, सिद्धार्थ, बालविकास, हातेमालो शान्तिसमाज आदि पुस्तकालय खुले । काभ्रेको दक्षिणी भेग शैक्षिक रूपमा उपेक्षित अविकसित हुँदा पनि पनौतीमा वि.सं. २०२४ सालमा हाइस्कूलको स्थापना भएको थियो ।

यही इन्द्रेश्वर मिडिल स्कूल हाईस्कूलमा विकसित हुँदै हाल उच्च मा.वि.मा परिणत भएको छ । यो शिक्षण संस्थाको विकासमा संस्थापक प्र.अ.हरिसुन्दर सैंजू, शिक्षक विन्दुनाथ कर्माचार्य, माधवप्रसाद सुवेदीलगायत शिक्षक वर्ग र स्थानीय समाजसेवीहरूको महत्त्वपूर्ण भूमिका रह्यो । वि.सं. २०४० सालदेखि निजी क्षेत्रबाट शैक्षिक लगानी भएपछि शैक्षिक उतारचढावका साथ गुज्रिएको पनौतीमा वि.सं.२०७१ सालसम्म आइपुग्दा इन्द्रेश्वर र तेजगंगा नामक क्याम्पस खुल्नुको साथै पनौती न.पा. भित्र सरकारीतर्फ ४ वटा र निजीतर्फ १० गरी १४ वटा मा.वि.हरू सञ्चालनमा आएका छन् । यसको अतिरिक्त फ्रान्सीसी समाजसेवी सांसद रोबर्ट स्थानीय बुद्धिजीविहरूको पहलबाट अटोमोबाइल तथा मेकानिकल विषयको पढाई हुने प्राविधिक शिक्षालय र अनाथ बालबालिकालाई पढाउने एस.ओ.एस. बालग्राम स्थापित भएको छ । यसरी शैक्षिक पर्यटनको लागि पन पनौती उर्बर भूमि बन्न पुगेको देखिन्छ ।

### (छ) म्यूजियमको अवलोकन (Observation of Musium)

पुरातात्त्विक महत्त्वका सामग्रीहरू संकलन गरी प्राचीन इन्द्रेश्वर मन्दिरको हाताभित्र पनौती न.पा. र स्थानीय समाजसेवीहरूको पहलकदमीबाट वि.सं. २०६७ को मङ्सीर ८ का दिन स्वदेशी तथा विदेशी भिजिटरबाट शुल्क लिने गरी पनौती सङ्ग्रहालय सञ्चालनमा आएको छ । उक्त सङ्ग्रहालय सञ्चालनार्थ स्थानीयस्तरको एक समिति निर्माण भए पनि त्रिवणीघाटमा अवस्थित १४ औं शताब्दीको लक्ष्मी, गरुड, विष्णु, सूर्य र शारदादेवीका मूर्तिहरू सन् १९८६ को उत्तरार्धसम्म चोरी भैसकेका छन् । इन्द्रेश्वर मन्दिर परिसरकै कैयौं मूर्तिहरू चोरी हुने क्रम जारी छ र विश्वेश्वर, ब्रह्मायणी, वंशगोपाल र कृष्ण मन्दिरका टुँडालहरू तथा उन्मत भैरवका मुकुन्डोहरू, गोपीनीका मूर्तिहरू चोरी हुने क्रम रोकिएको छैन । पनौतीको लायकु दरबार र तलेजुचोक उचित संरक्षणको अभावमा अस्तित्वविहीन अवस्थामा छन् । फ्रान्स सरकारको सहयोगमा आ.व. २०४८-०४९ देखि पनौती एकीकृत आयोजनाको नामबाट प्रारम्भ भएको जीर्णोद्धार कार्यक्रम नथा एकीकृत परियोजनाले पनौती बजारक्षेत्रमा पुरानै शैलिमा इँट्टा छाप्ने र ढलनिकासको व्यवस्था गर्दै इन्द्रेश्वर हाताभित्र पनौतीको मध्यकालीन मौलिक स्वरूप उजागर गर्ने प्रयत्न गरिएको छ । विश्व सम्पदा सूचीमा सूचिकृत गर्नका लागि पनौती बजारका पुराना शैलीका घरहरूको जीर्णोद्धार गर्न टढ्कारो आवश्यकता महसूस गरिएको

छ । यस म्यूजियममा प्राचीन तथा मध्यकालीन पुरातात्त्विक वस्तुहरूसहित कृषि जीवनशैलीमा आधारित वस्तुहरू र सामाजिक सांस्कृतिक कलाकृतिका सामग्रीहरू सजाएर राखिएका छन् ।[२५]

### (ज) प्राकृतिक वातावरण (Natural Invironment)

पनौती प्रकृतिको सुन्दरताले सजिएको दुई खोला रोसी र पुण्यमाताले सिंचिएको, २४०० किलोवाट जलविद्युतीय शक्तिमा रुपान्तरण गरिएको, तरकारी एवं कृषिबालीहरूले सदासर्वदा हरियाली छाएको चारैतर्फ पहाडी डाँडाकाँडाहरूले घेरिएको सैरेन्द्री, बाँसडोल खोला, इनार, कुवा आदि पानीको स्रोत रहेको, अनगिन्ती ढुङाखानी भएको, वनजंगल समेत रहेको महत्त्वपूर्ण प्राकृतिक सम्पदा रहेको ऐतिहासिक, सांस्कृतिक र धार्मिक पुण्यभूमि हो । पनौती न.पा. मात्र १०५ हेक्टर वनजंगलको जमिन रहेको छ । वन सम्पदा संरक्षणका लागि सामुदायिक वन उपभोक्ता समिति समूहहरू रहेका छन् । कृषि तथा तरकारी बालिका लागि पनौती आत्मनिर्भर रहेको छ । यहाँका कडा खालका ढुंगाहरूबाट रोडा कुट्ने कार्य सञ्चालन गरिएको छ । कृषियोग्य जमिन मात्र १४० हेक्टर रहेको छ । पनौतीको भूगोल पर्यटकहरूको लागि निकै आकर्षक रहेको छ ।

### (झ) शहरी पर्यटन (City Tourism)

नगर पर्यटनमा पर्यटकीय महत्त्वका उच्चस्तरीय पर्यटकीय सुविधाहरू उपलब्ध गराइएको हुन्छ[२६] र त्यस्ता सुविधा प्रदान गर्ने नगरमा पनौती पनि पर्दछ । काभ्रे जिल्लाका प्रमुख तीन नगरहरू बनेपा, धुलिखेल र पनौतीमध्ये पर्यटकीय विकासका दृष्टिकोणले कान्छो नगरको रूपमा पनौतीलाई मानिएतापनि प्राकृतिक, धार्मिक, सांस्कृतिक, ऐतिहासिक र पुरातात्त्विक स्वरूपका आधारमा यो नगर निकै परिपक्व र सम्पन्न देखिन्छ । पौराणिक तथा धार्मिक आस्थाको केन्द्रविन्दूको रूपमा रहेको पनोती शहरले उत्तरप्रयाग र शचीतीर्थको उपनाम प्राप्त गरेको छ । यो नगर तपोभूमि तथा इतिहासपुरुषदेखि देवताहरूको प्रिय तीर्थस्थल हो । यस शहरले इतिहासमा प्राचीनता, कलामा सम्पन्नता, धर्ममा सहिष्णुता, संस्कृतिमा विविधता र प्राकृतिक पर्यटनको सौन्दर्यताको विशेषता बोकेको छ । पर्यटकीय दृष्टिले यहाँ शहरी पर्यटनको अवधारणाले विशेष मान्यता प्राप्त गर्न सक्दछ । पनौतीलाई सांस्कृतिक पर्यटनको मूल थलोको रूपमा विकास गर्न सकिन्छ ।

यहाँको भौगोलिक र प्राकृतिक वातारणभित्र पर्यटकीय विकास गर्न सकिन्छ । यस शहरभित्र ५,८८७ फिट अग्लो देवीस्थानडाँडा, ५,००० फिट अग्लो चामखर्कडाँडाजस्ता हरिया मनमोहक डाँडाहरूले पर्याप्त पर्यटनको सम्भावना बोकेका छन् । यहाँको स्मरकक्षेत्र र गोरखनाथडाँडाको घुमफिरले पनि पर्यटकहरूलाई मुग्ध गराउँदै आएको छ । यहाँ रहेका १८ वटा होमस्टेसँग जोडेर पनि यस क्षेत्रको पर्यटकीय विकास गर्न सकिन्छ । पनौतीका विभिन्न नाम र शब्दको उत्पत्तिसँगै यहाँको पौराणिक र धार्मिक अवस्था, भूगोल, हावापानी र प्राकृतिक स्रोत, शहरी जनजीवन, बसोवास र आर्थिक जीवनलाई नियाल्दा पनौतीको पर्यटन विकासलाई यहाँको संस्कृति, कलाकौशल, रीतिरिवाज र सामाजिक संस्कारले सहयोग पुऱ्याउन सक्दछ ।

## निष्कर्ष (Conclusion)

पनौतीमा अवस्थित सांस्कृतिक मेला पर्वहरू, सङ्ग्रहालय र डबलीहरू, चौंसट्ठी प्रकारका महालिङ्गहरू, लायकू दरबारसहितका विभिन्न धार्मिक तथा सांस्कृतिक सम्पदाहरूले पनौती पर्यटनको विकासमा योगदान दिएका  छन् । सांस्कृतिक महत्त्वमा गिर्दो प्रभाव एवं बढ्दो शहरीकरणको अवस्थाले उपत्यकाभित्रको काष्ठमण्डप जतिकै प्राचीन पहिचान रहेको पनौती नगरलाई असर पुऱ्याइरहेका छन् । ऐतिहासिक र प्राचीन अस्तित्वको वैभव कायम गर्नमा सफल पनौती शहर धार्मिक तथा सांस्कृतिक सम्पदाको रूपमा अत्यन्त समृद्ध

---

[२५]कार्यपत्र प्रस्तोताको मिति २०९/८/५ गते सोमबार व्यक्तिगत स्थलगत भ्रमणका क्रममा स्थानीय बासिन्दाहरूसँग छलफलका आधारमा ।

[२६]गोविन्दमानसिंह कार्की, *सांस्कृतिक पर्यटन,* (काठमाडौं : एम.के. पब्लिसर्स एण्ड डिष्टिव्यूटर्स, २०६४ वि.सं.) पृष्ठ, १५६ ।

र उदयीमान रहेको कुरा विश्व सम्पदा सूचीमा सूचीकृत हुन गइरहेको वर्तमान परिस्थितिले पुष्टि गर्दछ । उतिबेलाको केन्द्रीय राज्यलाई प्रभाव पारेको पनौतीको शान, वैभव र प्रशिद्धिलाई आन्तरिक तथा बाह्य पर्यटकहरूको आवागनमनले प्रमाणित गरेको छ ।

'पाञ्चल देश' भनिने पनौती नगरमा नमोबुद्धको जन्म भएकाले यो प्रशिद्ध र पावन क्षेत्र बौद्ध एवं हिन्दू दुबै मार्गीहरूको लागि अनुपम क्षेत्र मानिन्छ । इन्द्रेश्वर मन्दिरदेखि इशानकोणतर्फ रहेको डाँडामा हाल गोरखनाथको मन्दिर र गणेशको मूर्ति अत्यन्त आकर्षक शैलीमा निमार्यण गरिएको छ । त्यो गोरखनाथ मन्दिर क्षेत्रको परिसर मनमोहक रहेको छ । यस क्षेत्रको विकास गर्न सकेमा थुप्रै आन्तरिक तथा बाह्य पर्यटकहरू आउन सक्ने सम्भावना रहेको देखिन्छ । पर्यटकीय दृष्टिले अनुपम क्षेत्रपौराणिक तथा धार्मिक ग्रन्थहरूसँग जोडिएको, लिच्छवि, मल्ल, शाहकाल र गणतन्त्रकालसम्म प्रभाव पार्न सफल ऐतिहासिक, सांस्कृतिक, पुरातात्विक र पर्यटकीयस्थल पनौती उपत्यका, राष्ट्रिय र अन्तर्राष्ट्रिस्तरकै विश्व सम्पदाको श्रेणीमा गणना हुन पुगेको छ । तसर्थ पनौती सबैको पर्यटकीय सम्पदा एवं धार्मिक, सांस्कृतिक र ऐतिहासिक धरोहर बन्न पुगेको छ ।

## सन्दर्भ सामग्रीहरू

### पुस्तकहरू

#### अङ्ग्रेजी

भाटिया, ए. के. (१९९४ ई). *इन्टरनेस्नल टुरिज्म.* न्यूओर्क : स्टर्लिंग पब्लिसर प्राइभेट लिमिटेड.।

हेगन, टोनी (१९७० ई.). *नेपाल द किङडम् अफ् हिमालयज्,* दिल्ली : अक्सफोर्ड एन्ड आइ.बी.एम. पब्लिसिङ कम्पनी.।

#### नेपाली

अधिकारी, बमबहादुर, (२०७३). *लमजुङको पर्यटनको इतिहास.* काठमाडौं : नवोदित हाम्रो पुस्तक भण्डार ।

अधिकारी, बमबहादुर (२०७८). *विश्व पर्यटन र विकासको अवधारणा.* काठमाडौं : पदमकुमारी पौडेल.।

अधिकारी, बमबहादुर (२०७६). *पर्यटन र विकासको इतिहास.* काठमाडौं : डिकुरा पब्लिकेसन ।

कार्की, गोविन्दमानसिंह (२०६४०. *सांस्कृतिक पर्यटन.* काठमाडौं : एम.के.पब्लिसर्स एण्ड डिष्टिव्यूटर्स ।

क्षत्री, गणेश.र रायमाझी, रामचन्द्र (२०५७). *पर्यटन विकास र व्यवस्थापन.* काठमाडौं : एशिया पब्लिकेसन ।

ताम्राकार, सुमनराज (२०६६). *पनौतीका चाडपर्वहरू र मकरमेला.* धुलिखेल : सुमनराज ताम्राकार ।

पुरी, उद्धव (२०५६०. *पर्यटन र विकास.* काठमाडौं : तलेजु प्रकाशन ।

भट्टराई, ज्ञानेश्वर (२०७५). *बृहत् ज्ञानकोश.* काठमाडौं : आशिष बुक हाउस प्रा.लि. ।

लाकोजू, सूर्यप्रसाद.(२०७१). *पनौती.* काभ्रे : सविताकुमारी श्रेष्ठ. तेसो संस्करण ।

संग्रौला, नारायणप्रसाद (२०६९). *सांस्कृतिक पर्यटन र विकास.* काठमाडौं : कन्काई एजुकेसनल पब्लिकेसन एन्ड रिसर्च सेन्टर प्रा.लि. ।

### रिपोर्ट तथा लेखहरू

अधिकारी, बमबहादुर (२०६९ चैत्र १५).लमजुङ जिल्लाको ऐतिहासिक पर्यटन एक अध्ययन. *मोलुङ फाउन्डेसन.* कोटेश्वर. काठमाडौंमा प्रस्तुत अनुसन्धान परियोजनाको प्रतिवेदन. अप्रकाशित. पृष्ठ. ३२-३४ ।

त्रिपाठी, वासुदेव. (मिति...). एक अर्ब पर्यटक : एक अर्ब अवसर. *नेपालमा पर्यटन, विकास र समृद्धिको आधार.* वर्ष १. अंक १. पृष्ठ ४३३-४४१ ।

नेपाल सरकार (जनवरी २०२२). चार किल्ला खोली नगरपालिका क्षेत्र तोकी विभाजन गरेको. *नेपाल राजपत्र.* अन्तिम पहुँच ।

नेपाल सरकार, (नोभेम्बर २०१२). नेपालको राष्ट्रिय जनगणना २०६८ (गाविस तह). राष्ट्रिय योजना आयोग, अन्तिम पहुँच ।

पनौती न.पा., (जनवरी २०२२). नगर परिचय. नगर कार्यपालिकाको कार्यालय. *पनौती नगरपालिका,* अन्तिम पहुँच ।

पनौती न.पा., (२०२२-०१-३०). पनौतीमा १२ वर्षे 'मकर मेला. *कालिका.* (नेपालीमा) अन्तिम पहुँच ।

पनौती न.पा., (२०२२-०१-३०). विश्वसम्पदा सूचीमा सूचीकृत हुन मन्त्रिपरिषद् निर्णय कुर्दै पनौती. *रातोपाटी.* अन्तिम पहुँच ।

पनौती न.पा., (२०२२-०१-३०).मध्यकालीन वास्तुकला परिसरे. *युनेस्को विश्व सम्पदा* केन्द्र. (अङ्ग्रेजीमा). अन्तिम पहुँच ।

**पनौतीको चित्रदीर्घा :**



**विशेश्वर महादेव मन्दिर**



**उन्नत भैरव मन्दिर**



**सचि तीर्थ त्रिवेणीघाट र रोसी खोला**




**पनौतीको सांस्कृतिक धरोहर**



**उन्नमत्त भैरव मन्दिर र ढोका झ्यालमा कुँदिएका कलाकृति**




**पनौतीको मूर्तिकला**



**प्राचीन पनौती शहरको दृश्य,**





**बागमती प्रदेशमा पनौतीको दृश्य निलो रङ, नेपालको नक्सामा पनौती रातो रङ ।**